# पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको
# स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४

स्थानीय सरकारको रुपमा रहेको पाँचपोखरी थाङ्गपाल गाउँपालिकाले स्वीकृत गर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका, परिपत्रहरु, वजेट, नीति तथा कार्यक्रम तथा नियमित हुने निर्णयहरु सरोकारवालाहरुको सहज र आधिकारिक जानकारीको लागि स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने भएकोले यि दस्तावेजहरु प्रकाशन गर्न स्थानीय राजपत्र संचालन सम्बन्धि कार्यविधिको आवश्यक भएकोलेस्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) को प्रयोजनको लागि सोही दफाको उपदफा (२) बमोजिम पाँचपोखरी थाङपाल गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यवधिको नाम “पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४” रहने छ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैंठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## २. स्थानीय राजपत्रका भागहरु र प्रकाशित हुने दस्तावेजहरुः

स्थानीय राजपत्रमा निम्न लिखित ४ भाग रहनेछ र उक्त भागहरुमा देहाय बमोजिमका दस्तावेजहरु प्रकाशन गर्नुपर्नेछ ।

(क) भाग १ : गाउँसभाले जारी गरेको ऐन तथा कार्यपालिकाले स्वीकृत गरेको नियमावली यस भागमा प्रकाशन गरिनेछ ।

(ख) भाग २: गाउँपालिकाले जारी गरिएको नीति, कार्यविधि, निर्देशिका, आदेश तथा परिपत्रहरु यस भागमा प्रकाशन गरिनेछ ।

(ग) भाग ३: ऐन, नियम वा आदेश अन्तर्गत वा स्थानीय कार्यपालिका बमोजिम राजपत्रमा प्रकाशन गर्नुपर्ने भनि उल्लेख भएका सूचनाहरु, गाउँसभा तथा कार्यपालिकाको नियमित बैंठकका निर्णयहरु, वार्षिक नीति, कार्यक्रम तथा वजेट यस भागमा प्रकाशन गरिनेछ ।

(घ) भाग ४: गाउँपालिकाबाट जारी भएका सूचना, संदेश र अन्य निकायसँग गरेका संभ्कौताहरु यस भागमा प्रकाशन गरिन्छ ।

## ३. स्थानीय राजपत्र प्रकाशनको प्रक्रिया

प्रकाशन गर्नुपर्ने दस्तावेजको प्रकृति अनुसार नियमित र अतिरिक्त अँक गरी दुई तरिकाबाट गाउँपालिकाका दस्तावेजहरु स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

(१) नियमित: यो अंक प्रत्येक महिनाको अन्तिम आइतवार प्रकाशित हुनेछ । नियमित प्रकाशन हुने अंकमा उक्त दस्तावेज प्रकाशन गरे कै मितिदेखि मात्र लागु हुनेछ भनेर भनिएका दस्तावेजहरु प्रकाशन गरिनेछ ।

(२) अतिरिक्ताङ्क: निर्णय गरेकै मितिदेखि लागु हुने भनि उल्लेख भएका दस्तावेजहरुलाई पछि प्रकाशित गर्ने स्थानीय राजपत्रलाई अतिरिक्ताकं अंक भनिनेछ ।

## ४. राजपत्रबाट उठाइने राजश्वको दर र प्रक्रिया

प्रकाशित राजपत्र विक्रि वितरण गर्दा देहाय बमोजिमको राजश्वको दररेट गरिएको छ ।

(१) वार्षिक सदस्यतालिएका व्यक्ति तथा संघ/संस्थाका लागि

- रजिष्ट्ररी गरि हुलाकबाट पठाउदा लिइने वाषिक शुल्क रु. ७५०
- हुलाकबाट साधारण पत्रका रुपमा पठाउँदा लाग्ने वार्षिक शुल्क रु. ५००
- कार्यालय मार्फत सदस्यलाई बुझाउँदा वाषिक शुल्क रु. ७५०
- कार्यालयमा आफैं आई बुझिलिदा वार्षिक शुल्क रु. ४००

(२) फुटकर विक्री

सदस्य नभएको व्यक्ति वा संघ/सस्थाले आफुलाई आवश्यक पर्ने राजपत्र लिन चाहेमा फुटकर विक्री मूल्य निम्न बमोजिम तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु. २०
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु. ३०
- २५ देखि ४०पेज सम्म एक प्रतिको रु. ४०
- ४१देखि ५६ पेज सम्म एक प्रतिको रु. ५०
- ५७ देखि ७२ पेज सम्म एक प्रतिको रु. ६०
- ७३ देखि ९६ पेज सम्म एक प्रतिको रु. ७०

- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज १ रुपैयाँको दरले थप शुल्क लिने गरि मुल्य तोकिएको छ ।

(३) यसरी असुल भएको राजश्व गाउँपालिकाको सर्वसञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

## ५. प्रकाशनको आदेश

स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने दस्तावेजहरु प्रमाणिकरण गर्नुपर्ने दस्तावेजको हकमा प्रचलित कानून अनुसार तोकिएको पदाधिकारीबाट प्रमाणिकरण गरे पश्चात प्रमुख प्रशासकीय अधिकृतले लिखित आदेश पश्चात र अन्य दस्तावेजहरु प्रकाशन गर्नुपर्ने कारण सहित गाउँपालिकाका सम्बन्धित शाखा प्रमुखले प्रमााणित गरेर प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ तत्पश्चात प्रमुख प्रशासकीय अधिकृतले राजपत्रमा प्रकाशनको लागि सूचना, अभिलेख तथा प्रकाशन शाखालाई लिखित आदेश दिए पश्चात उक्त शाखाले प्रकाशन गर्नुपर्नेछ ।

## ६. राजपत्रको अभिलेखिकरणको व्यवस्थापन

(१) स्थानीय राजपत्रको अभिलेखिकरणको कार्य गाउँपालिकाको सूचना, अभिलेख तथा प्रकाशन शाखा वा सो सम्बन्धी कार्य हेर्ने खाबाट सम्पन्न हुनेछ ।

(२) स्थानीय राजपत्रको विद्युतीय प्रकाशन कार्यको लागि राजपत्र सम्पादन शाखाबाट प्रिन्टिङ कार्यको लागि छपाई सामाग्री पेश भए पश्चात उक्त सामग्रीको विद्युतीय प्रति अभिलेख शाखामा उपलब्ध गराउनु पर्नेछ ।

(३) स्थानीय राजपत्रको ढाँचा अनुसूचि १ बमोजिम हुनेछ ।

(४) प्रकाशित राजपत्रहरुको अभिलेख अनुसूचि २ को ढाँचामा राखिने छ ।

**७. बचाऊ -**

यस कार्यविधिमा लेखिए जति कुरामा सोहि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूचि १

**पाँचपोखरी थाङ्गपालगाउँपालिका**
**सिन्धुपाल्चोक जिल्ला, प्रदेश नं. ३, नेपाल**

# स्थानीय राजपत्र

## भाग..... वर्षः १ अंक १

## २०७....साल........महिना....वार

गाउँसभाबाट मिति .........मा स्वीकृत भएको ........ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ कोदफा १०२ को उपदफा (२) बमोजिम पाँचपोखरी थाङ्पाल गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धि कार्यविधि २०७४ अनुसार सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

**पाँचपोखरी थाङ्पाल गाउँपालिकाको ............ ऐन,**

................................ .................... ................................. ...................................

प्रमाणीकरण मिति :-

आज्ञाले,

...................................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि २
## राजपत्र प्रकाशन लागत किताब

| क्र. सं. | प्रकाशन मिति | विषय | वर्ष | अंक | भाग | प्रमाणित गर्ने प्र.प्र.अ. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

प्रमाणीकरण मिति :- २०७४।१२।२५

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत